# १२४ औं गाउँ कार्यपालिकाको बैठक

## कपुरकोट गाउँपालिका, सल्यान

आज मिति २०८१ साल चैत्र ०४ गते दिउस ४:०० बजे यस कपुरकोट गाउँपालिकाका अध्यक्ष श्री दुर्गा बहादुर पुनज्यूको अध्यक्षतामा गाउँ कार्यपालिका सदस्यज्यूहरुको उपस्थितिमा आ.व. २०८१/०८२ को १२४ औं गाउँ कार्यपालिकाको बैठक बसी देहायका प्रस्तावहरु माथी छलफल गरी देहाय बमोजिम निर्णय गरियो ।

**उपस्थिती :**

| क्र.सं. | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री दुर्गा वहादुर पुन | गाउँपालिका अध्यक्ष | |
| २ | श्री प्रकाश भरारी | गाउँपालिका उपाध्यक्ष | |
| ३ | श्री वालाराम खड्का | वडा अध्यक्ष वडा नं. १ | |
| ४ | श्री इश्वर बुढा | वडा अध्यक्ष वडा नं. २ | |
| ५ | श्री प्रदिप खड्का | वडा अध्यक्ष वडा नं. ३ | |
| ६ | श्री मित्रलाल कठायत | वडा अध्यक्ष वडा नं. ४ | |
| ७ | श्री होमराज खड्का | वडा अध्यक्ष वडा नं. ५ | |
| ८ | श्री श्याम कृष्ण बोहरा | वडा अध्यक्ष वडा नं. ६ | |
| ९ | श्री विमल कामी | कार्यपालिका सदस्य | |
| १० | श्री तिला कुमारी कामी | कार्यपालिका सदस्य | |
| ११ | श्री राधिका ऐरी | कार्यपालिका सदस्य | |
| १२ | श्री रेवती सुनार | कार्यपालिका सदस्य | |
| १३ | श्री अनिता पून | कार्यपालिका सदस्य | |
| १४ | श्री तीला बुढाथोकी रोका | कार्यपालिका सदस्य | |
| १५ | श्री दिनेश पौडेल | सचिव, प्रमुख प्रशासकीय अधिकृत | |
| सहयोगी कर्मचारीहरु | | | |
| १ | श्री खगेन्द्र वहादुर शाही | प्रशासन शाखा प्रमुख | |
| २ | श्री विष्णु प्रसाद आचार्य | लेखा अधिकृत | |
| ३ | श्री हिरा कुमारी वली | सहायक महिला विकास निरीक्षक | |
| ४ | | | |
| ५ | श्री विर वहादुर चौधरी | सहयोगी | |

प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत

## १२४ औं गाउँ कार्यपालिका बैठकका प्रस्तावहरु :

१. LISP परियोजना संचालन गर्ने प्रतिवद्धता सम्वन्धमा।

२. सार्वजनिक सुनुवाई सम्वन्धी कार्यविधि स्वीकृत सम्वन्धमा।

३. योजना अनुगमन तथा सुपरीवेक्षण सम्वन्धी कार्यविधि स्वीकृत सम्वन्धमा।

४. राष्ट्रपति रनिङ सिल्ड खर्च अनुमोदन सम्वन्धमा।

५. योजना तथा कार्यक्रम कार्यान्वयन सम्वन्धमा।

 ५.१. इन्जिनियरिङ ल्याव स्थापना सम्वन्धमा।

 ५.२. सडक गुरुयोजना तर्जुमा गर्ने सम्वन्धमा।

६. सातौं तहका कर्मचारीहरुको नियुक्ति समर्थन सम्वन्धमा।

७. अध्यक्षज्यूलाई अधिकार प्रत्यायोजन गर्ने सम्वन्धमा।

८. विद्युत पोलको लागि सिफारिस गर्ने सम्वन्धमा।

९. वालमैत्री स्थानीय शासन कार्यक्रम संचालन सम्वन्धमा।

१०. विविध

## २०८१ चैत्र ४ गते बसेको १२४ औं गाउँ कार्यपालिका बैठकका प्रस्ताव तथा निर्णयहरु

| प्रस्ताव नं. | प्रस्ताव | संक्षिप्त व्यहोरा | प्रस्तावित निर्णय | निर्णय | सम्वन्धित शाखा |
|---|---|---|---|---|---|
| १. | LISP परियोजना संचालन गर्ने प्रतिवद्धता सम्वन्धमा। | सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मिति २०८१//११/१५ गतेकव आशयपत्र पेश गर्ने सम्वन्धी सूचना अनुसार LISP परियोजना कार्यान्वियनको लागि गाउँपालिकाको साँझेदारी गर्ने प्रतिवद्धता सहित आशयपत्र पेश गर्नु पर्ने | आगामी आ.व. २०८२/०८३ मा यस कपुरकोट गाउँपालिकाले समेत स्थानीय पूर्वाधार सहयोग कार्यक्रम(LISP) कार्यान्वियन गर्ने गरी स्थानीय पूर्वाधार सहयोग कार्यक्रम सञ्चालन कार्यविधि, २०८१ बमोजिम LISP संगको सहकार्यमा सहभागितामूलक निर्णय प्रक्रिया अवलम्वन गरी स्थानीय पूर्वाधार सम्वन्धी योजना तथा समावेशी वजेट निर्माण गर्ने, स्थानीय पूर्वाधार विकासका लागि नवीनतम र सुधारीएको तरिका, साधन र विधि अवमल्वन गर्ने, LISP वाट प्राप्त हुने सहलगानीलाई समग्र वार्षिक वजेट तथा कार्यक्रमको पूर्वाधार शिर्षकमा समावेश गर्ने र सोको लागि तोकिएको सहलगानीको हिस्सा आगामी आ.व.को वजेट तथा कार्यक्रममा विनियोजनको सुनिश्चितता र प्रतिवद्धता स्वीकृत गर्ने। | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । | योजना शाखा |
| २ | सार्वजनिक सुनुवाई | सार्वजनिक सुनुवाई प्रणालिलाई व्यवस्थित र कार्यमूलक वनाउन | सार्वजनिक सुनुवाई प्रणालिलाई व्यवस्थित र कार्यमूलक वनाउन कपुरकोट गाउँपालिकाको सार्वजनिक सुनुवाई सम्वन्धी कार्यविधि, २०८१ | "पेश भए बमोजिम प्रस्ताव पारित | प्रशासन शाखा |

प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत

| | | | | | |
|---|---|---|---|---|---|
| | सम्वन्धी कार्यविधि स्वीकृत सम्वन्धमा। | कपुरकोट गाउँपालिकाको सार्वजनिक सुनुवाई सम्वन्धी कार्यविधि, २०८१ स्वीकृत गर्नु पर्ने। | माथि छलफल गरी स्वीकृत गर्ने र प्रमाणीकरण गरी राजपत्रमा प्रकाशन गर्न अख्तियारी प्रदान गर्ने। | गर्ने" निर्णय गरियो । | |
| ३ | योजना अनुगमन तथा सुपरीवेक्षण सम्वन्धी कार्यविधि स्वीकृत सम्वन्धमा। | योजना अनुगमन तथा सुपरीवेक्षण सम्वन्धी कार्यविधि, २०८१ को मस्यौदा उपर छलफल र निर्णय गर्नु पर्ने। | स्थानीय तहवाट कार्यान्वियन हुने योजना तथा कार्यक्रमको अनुगमन गर्ने कार्यलाई व्यवस्थित गर्न तयार गरिएको **योजना अनुगमन तथा सुपरीवेक्षण समितिको कार्यसञ्चालन सम्वन्धी** कार्यविधि, २०८१ उपर छलफल गरी पारित गर्ने र प्रमाणिकरण गरी राजपत्रमा प्रकाशन गर्न अख्तियारी प्रदान गर्ने। | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । | योजना शाखा |
| ४ | राष्ट्रपति रनिङ सिल्ड खर्च अनुमोदन सम्वन्धमा। | आ.व. २०८१/०८२ मा सञ्चालित राष्ट्रपति रनिङसिल्ड प्रतियोगितामा भएको खर्च अनुमोदन गरी नपुग वजेटको खर्च अख्तियारी प्रदान गर्ने | आ.व. २०८१/०८२ मा राष्ट्रपति रनिङसिल्ड प्रतियोगिताको लागि गाउँपालिकावाट रु. १६२३०००/- विनियोजन भएकोमा पालिका स्तरीय राष्ट्रपति रनिङशिल्ड र जिल्ला स्तरीय रनिङसिल्ड प्रतियोगिता सञ्चालन गर्दा अनुसूची १ बमोजिमको शिर्षकमा रु २१८०७८६/- रकम खर्च भएको देखिएकोमा भुक्तानी सम्वन्धी फाइल हेर्दा भएको खर्च अत्यावस्यकीय र मनासिव नै देखी उक्त खर्च रकमलाई अनुमोदन गर्ने र विनियोजित शिर्षकमा नपुग वजेट हिउँदे गाउँसभावाट संशोधित वजेट अन्तर्गतको सम्वन्धित शिर्षकवाट भुक्तानी दिने गरी गाउँकार्यपालिका कार्यालयलाई अख्तियारी प्रदान गर्ने। | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । | शिक्षा युवा तथा खेलकुद शाखा |
| ५. | योजना तथा कार्यक्रम कार्यान्वयन सम्वन्धमा। | इन्जिनियरिङ ल्याव स्थापना गर्ने | गाउँपालिकावाट सञ्चालित हुने निर्माण योजनाहरुको आधारभुत गुणस्तर कायम गर्न गाउँपालिकाको आफ्नै इन्जिनियरिङ ल्याव स्थापना गर्न आवश्यक देखिएकोले चालु आ.व.को हिउदे अधिवेशनवाट स्वीकृत **इन्जिनियरिङ ल्याव स्थापना शिर्षकमा विनियोजित** वजेटवाट सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५(१) बमोजिम खरिद प्रक्रिया अघि वढाउने। | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । | पूर्वाधार शाखा |
| | | गाउँपालिकाको सडक गुरुयोजना निर्माण गर्ने | गाउँपालिकाभित्र निर्माण भएका र निर्माण गरिने सडकहरुलाई मापदण्ड अनुकुल तुल्याई सडकहरुको स्तरोन्नती र दिगोपना कायम गर्न सो सम्वन्धी गुरुयोजना तर्जुमा गर्न आवश्यक देखिएकोमा उक्त गुरुयोजना तयार गर्ने कार्य | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । | योजना शाखा |

प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत

| | | | | | |
|---|---|---|---|---|---|
| १० | | अनुगमन समिति गठन सम्बन्धमा । | अनुगमन तथा सुपरिवेक्षण समितिको कार्यसंचालन सम्बन्धी २०८१ को दफा ३ को उपदफा १ को खण्ड ख बमोजिम निम्नानुसारका सदस्य तोक्ने<br>सम्बन्धित वडाको वडा अध्यक्ष -सदस्य<br>वडा नं १ र २ को हकमा कार्यपालिका सदस्य अनिता पुन सदस्य<br>वडा नं ३ र ४ को हकमा कार्यपालिका सदस्य राधिका ऐरी -सदस्य<br>वडा नं ५ र ६ को हकमा कार्यपालिका सदस्य तिला बुढाथोकी रोका -सदस्य | पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । | योजना शाखा |
| | विविध | कर्मचारी क्वाटर व्यवस्थापन सम्बन्धमा | हाललाई गाउँपालिकाको कार्यालय प्रयोजनमा नरहेका गाउँपालिका परिसरमा रहेका प्रशासनिक भवन बाहेकका अनय भवनहरुलाई कर्मचारीको आवासको रुपमा प्रयोग गर्ने र प्रत्येक शाखा र ईकाईहरुलाई १/१ कोठा आवास अनुमति प्रदान गर्ने उक्त कोठामा सम्बन्धित शाखाको शाखा प्रमुखलाई प्राथमिकतामा राखि अन्य सहायक कर्मचारीहरु समेत मिलेर बस्ने त्यस्तो मिल्ने अवस्था नभएमा शाखा प्रमुख बस्ने अन्यले आफ्नो स्वयम व्यवस्थापन गर्ने ।<br>यदि सबै शाखा र ईकाईहरुलाई १/१ कोठा नपुग्ने भएमा अधिकृतस्तरका कर्मचारीलाई प्राथमिकतामा राखि उपलब्ध गराउने । | पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । | जिन्सी ईकाई |
| | | चारपाँङ्ग्रे गाडी बहालमा लिने सम्बन्धमा | गाउँपालिकामा एउटा मात्र चार पाङ्ग्रे सवारीसाधन रहेबाट योजना अनुगमन लगायतका कामहरु गर्दा दैनिक रुपमा गाडी बहालमा लिदाँ बढी खर्च भएको र अनुगमन कार्य प्रभावकारी समेत भएको नदेखिएको विद्यमान अवस्थामा लाभलागत विश्लेषणका आधारमा मासिक रुपमा सम्झौता गरि चार पाङ्ग्रेसवारी साधन बहालमा लिई प्रयोग गर्न उपयुक्त हुने देखिएकोले त्यस्तो बहालमा राख्न कार्यपालिका कार्यालयले अनुमित प्रदान गर्ने । | पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । | प्रशासन शाखा |

प्रमुख प्रशासकीय अधिकृत